**मिति २०७६//११/१९ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा बसेको नोबेल कोरोना भाइरसको संक्रमणबाट जोगिने उपायका सम्वन्धमा बसेको सरोकारवालाहरुको बैठकबाट देहाय बमोजिम निर्णय भएकोले निर्णय कार्यान्वयन गर्न गराउनुहुन सम्वन्धित सबैमा जिल्ला प्रशासन कार्यालय बर्दिया हार्द्धीक अनुरोध गर्दछ ।**

१. नोवेल कोरोना भाईरसको संक्रमण रोकथाम सम्बन्धमा छलफल गर्दा विश्व व्यापी रुपमा फैलिरहेको र नेपाल समेत उच्च जोखिम रहेको नोवेल कोरोना कोभिड १९ भाईरसको संभावित संक्रमणबाट जोगिनका लागि तपसिल अनुसार गर्ने/गराउने ।

क) नोवेल कोरोना भाईरस बाट बच्ने उपायहरुको बारेमा स्वास्थ्य संदेश स्वास्थ्य कार्यालय, बर्दियाबाट तयार पारी रेडियो, पत्र-पत्रिका, टेलिभिजन, सामाजिक संजालबाट प्रकाशन तथा प्रशारण गरी दिन सरोकारवाला निकायहरु संग अनुरोध गर्ने ।

ख) भारतसंग नाका जोडिएका स्थानीय तहहरुबाट ईन्फ्रारेड थर्मोमिटर सहितको स्वास्थ्य सहायता कक्षा संचालन गर्न बढैयाताल गाउँपालिका, गुलरिया, मधुवन र राजापुर नगरपालिकालाई अनुरोध गर्ने ।

ग) विद्यालय मार्फत नोवेल कोरोना भाईरसबाट बच्ने उपायहरुको बारेमा सुचना प्रवाह गर्दा प्रभावकारी हुने भएकोले विद्यलय मार्फत नोवेल कोरोना भाईरसबाट बच्ने उपायको बारेमा सुचना प्रवाह गर्न शिक्षा विकास तथा समन्वय ईकाइ तथा गाउँपालिका/नगरपालिकाको शिक्षा शाखाले आवश्यक प्रबन्ध मिलाउने।

घ) बर्दिया अस्पताल लगायत यस जिल्लाका सबे स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा रहन तथा उच्च सतर्कता अपनाउन स्वास्थ्य कार्यालय, बर्दियाबाट सबै स्वास्थ्य संस्थाहरुमा पत्राचार गर्ने । अत्यावश्यक औषधीको न्यूनतम मौजदात राख्ने व्यवस्था मिलाउने/मास्क, स्यानीयटर, ग्लोब जस्ता बस्तुहरु उचित मूल्यमा विक्रि वितरण हुने व्यवस्थाका लागि औषधी व्यवसायी सघलाई अनुरोध गर्ने ।

ङ) कोरोना भाईरसको शंकास्पद विरामीहरुलाई उपचार गर्न छुट्टै कक्ष (Isolation Unit) को व्यवस्थापन गर्न बर्दिया अस्पातललाई अनुरोध गर्ने ।

च) कोरोना भाईरस विरुद्ध प्रतिकार्य गर्न जिल्ला तथा पालिकामा रहेका RRT/CRRT लाई तयारी अवस्थामा रहन तथा औषधी/सामग्रीको वफर स्टक पाईलिङ्गको व्यवस्था मिलाउन स्वास्थ्य कार्यालय, बर्दिया अस्पाताल र सबै स्थानिय तहहरुलाई अनुरोध गर्ने ।

**छिमेकी देश चीन लगायत विश्वका विभिन्न देशमा नोवेल कोरोना भाइरस (COVID 19) को संक्रमण देखिएको र विश्व स्वास्थ्य संगठनका अनुसार नेपाल समेत नोवेल कोरोना भाइरसको संक्रमणको उच्च जोखिममा रहेको हुदा सो रोगवाट वच्न देहाय बमोजिम गर्न/गराउन आम सर्वसाधारणमा हार्दिक अनुरोध छ ।**

१. रुघाखोकी, ज्वरो र स्वासप्रस्वासमा समस्या देखिएमा नजिकको स्वास्थ्य सस्थामा जचाँउन जाउँ।

२. नियमित रुपमा सावुनपानीले हात धुने गरौ।

३. मेला, महोत्सव, भोजभतेरको आयोजना नगरौ ।

४. सामान्य रुघाखोकी लागेमा घरमै आराम गरौ ।

५. खोक्दा वा हाछ्युं गर्दा नाक र मुख छोप्ने गरौ ।

६. जंगली तथा घरेलु पशुपन्छीवाट टाढा रहौ ।

७. माछा, मासु, अन्डा जस्ता पशुजन्य खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौ ।

८. भिडभाड भएको स्थानमा आवतजावत नगरौ तथा नजाऔ ।

९. कपडाको मास्कको प्रयोग गर्दा सफा गरेर मात्र प्रयोग गरौं ।

१०. अभिवादन गर्दा हात नमिलाउँ, नमस्कारबाट सिष्टाचार आदानप्रदान गरौ ।

११. फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कवाट टाढा रहौ ।

१२. आउदै गरेको महान चाड होली पर्व मनाउदा भिडभाड नगरौ ।